Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोनः 033-520605
Mob. 9852880500/9852880501

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

सिरहा

प.सं.०७९/०८०
च.नं. २२३

मितिः २०७९/११/१५

विषयः सूचना टाँस गरि दिने सम्वन्धमा ।

श्री स्थानीय तह सबै, सिरहा ।
श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
परियोजना कार्यान्वयन इकाई, धनगढी, जिरोमाइल, सिहा

उपरोक्त सम्वन्धमा यस कार्यालयको स्वीकृत वार्षिक अनुसार कृषि विभाग (संघ शसर्त अनुदान) अन्तर्गत धान, मकै, दलहन, तेलहन वाली प्रवर्द्धन तथा उन्नत वीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रम सम्वन्धि सूचना सीमा संदेश राष्ट्रय दैनिक पत्रिका मिति २०७९/११/१५ गते प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । उक्त सूचना यसै पत्र साँथ संलग्न राखी तहाँ कार्यालयको सूचना पाटीमा टाँस गराई सोको जानकारी यस कार्यालयमा पठाई सहयोग गरि दिन हुन अनुरोध छ ।

बोधार्थः

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, जनकपुरधाम, धनुषा ।

श्री कृषि विकास निर्नेशनालय, नक्टाझिज, धनुषा ।

............................
नरेन्द्र कुमार महासेठ
प्रमुख

नरेन्द्र कुमार महासेठ
प्रमुख
दशौं तह

Email: akcsiraha@gmail.com
website: akcsiraha.p2.gov.np
फोनः ०३३-५२०६०५
Mob. 9852880500/9852880501

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्राल
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

## सिरहा

प.सं.०७९/०८०
च.नं.

### धान, मकै, दलहन, तेलहन वाली प्रवर्द्धन तथा उन्नत वीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रमका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/११/१५

कृषि ज्ञान केन्द्र, सिरहाको आ.व. २०७९/८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि विभाग (संघ शसर्त अनुदान) अन्तर्गत धान, मकै, दलहन, तेलहन वाली प्रवर्द्धन तथा उन्नत वीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग कार्यक्रमका लागि अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा यस जिल्लाका स्थानिय तहका कृषि व्यवसाय एवं सहकारी सम्वन्धी संलग्न ईच्छुक कृषक/समुह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन (मिति २०७९/११/२९ गते) भित्र कृषि ज्ञान केन्द्र, सिरहामा आवश्यक कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्वन्धी थप जानकारीका लागि यस कार्यालयको वेबसाईटमा राखिएको प्रदेश तथा स्थानीय तहमा सशर्त बित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि, २०७९ मा हेर्न सकिन्छ वा ९८५२८८०५०१ (परमानन्द चौधरी, कृ.प्र.अ.), ९८५२८५०६०५ (नथुनी यादव, अ.छैठौं), ९८५२८८०५०५ (रामकरण यादव, अ.छैठौं) मा सम्पर्क गर्न सकिन्छ ।

तपसिलः

| क्र.स. | कार्यक्रम | वाली | विनियोजित रकम लाखमा | क्रियाकलाप तथा अनुदानको अधिकतम सिमा |
|---|---|---|---|---|
| १ | धानवाली प्रवर्द्धन कार्यक्रम | मसिना (नेपाली हाइब्रिड सहित) तथा चैते धान | २५ | उन्नत जातको वीउमा ५०% तथा मकै, दलहन र तेलहन वाली प्रदर्शनीमा १००%, वीउ उत्पादन र प्रशोधन तथा बजारीकरणमा प्रयोग हुने सामाग्रीहरुमा ५०%, वीउ भण्डार कक्ष, थ्रेसिङ्ग फ्लोर निर्माण तथा मर्मत सुधारमा ५०%, यन्त्र उपकरणमा ५०%, मिल स्तरोन्नतीमा ५०%, ब्राण्डिङ्ग तथा बजारीकरणमा ५०% |
| २ | मकैवाली प्रवर्द्धन कार्यक्रम | नेपाली उन्नत तथा हाइब्रिड मकै | २५.०४ | |
| ३ | दलहन वाली प्रवर्द्धन कार्यक्रम | दलहन (मुग) | ९.३७ | |
| ४ | तेलहन वाली प्रवर्द्धन कार्यक्रम | तेलहन (सूर्यमुखी, बदाम) | ९.३७ | |
| ५ | उन्नत वीउ उत्पादकका लागि पूर्वाधार तथा प्रशोधन विकास सहयोग | - | ५ | |

आवश्यक कागजातहरुः

- रु.१० को टिकट टाँस सहित निवेदन ।
- नवीकरण सहित संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि ।
- कार्यविधिको अनुसूची-२ अनुसारको प्रस्ताव (व्यवसायिक उत्पादनको हकमा) ।
- निर्माणकार्यको हकमा प्राविधिकबाट स्वीकृत लागत अनुमान ।
- निजि फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदनको फोटोकपि ।
- निजि फर्मको हकमा गत आ.व. सम्म कर बुझाएकको वा कर छुट भएको भए सम्वन्धित स्थानीय तहको प्रमाण ।
- जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
- संस्थाको निर्णय सहित प्रत्येक सदस्यको नागरिकताको प्रतिलिपि ।
- प्रतिवद्धता पत्र ।
- आयोजना सम्वन्धी कार्यालयबाट माँग भएका अन्य आवश्यक कागजातहरु ।

..............................
नरेन्द्र कुमार महासेठ
प्रमुख

नरेन्द्र कुमार महासेठ